नेपाल सरकार
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

फोन नं.: ४२००३०९, ४२००२८१

पत्र संख्याः
चलानी नं.:

# प्रेस विज्ञप्ति

आज मिति २०७५ भाद्र ६ गते बुधबार माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूको अध्यक्षतामा आ.व.२०७४/०७५ को वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो । उक्त बैठकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका निमित्त सचिव श्री सुरेश अधिकारी, सह-सचिवहरु, विभागका महानिर्देशकहरु, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, कार्यक्रम/आयोजनाका प्रमुख, अन्य कर्मचारी र विभिन्न संचार माध्यमका संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा मन्त्रालयका सह-सचिव श्री पुरुषोत्तम नेपालले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय र अन्तर्गतका निकाय, कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७४/०७५ को लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयतर्फ विनियोजित रकम रु ७७ अर्ब ७९ करोड २० लाख २२ हजार बजेटको प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । चालु तर्फ ४८ अर्ब ९४ करोड ३३ लाख ४६ हजार , पूँजिगत तर्फ २८ अर्ब ८४ करोड ८६ लाख ७८ हजार रहेकोमा ५८ अर्ब ६५ करोड ३३ लाख ३३ हजार खर्च भई सम्रगमा ७५.०४ प्रतिशत वित्तिय प्रगति रहेको जानकारी दिनुभयो । उहाँले यस आ.व.मा प्राप्त भएका प्रमुख उपलब्धीहरुको वारेमा उल्लेख गर्दे कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा देखापरेका समस्याहरुको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्पहरु समेत प्रस्तुत गर्नु भयो । कार्यक्रममा सम्बन्धित विभाग र कार्यक्रमहरुका प्रमुखहरुले वित्तिय तथा भौतिक प्रगति र कार्यान्वयनका क्रममा आएका समस्याहरु वारे प्रष्ट पार्नुभएको थियो ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका प्रतिनिधिहरुले बजेट खर्च, वित्तिय एवं भौतिक प्रगति प्रति सन्तोष व्यक्त गर्दै आगामी दिनमा अझ मेहेनतका साथ काम गर्नुपर्ने धारणा राख्नुभएको थियो । मन्त्रालयका निमित्त सचिव श्री सुरेश अधिकारीले मन्त्रालयवाट भएका महत्त्वपूर्ण कार्यहरुको बारेमा संक्षेपमा प्रष्ट पार्दै गत आ.व. को संक्रमणकालिन अवस्थामा मन्त्रालयले गरेको समग्र प्रगति सन्तोषजनक भएपनि थप सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । मन्त्रालयले गत आ.व.मा तीनवटै तहको संगठन संरचना तयार गर्न भूमिका निर्वाह गरेको, स्थानीय तहको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरेको, स्थानीय पूर्वाधार विकासमा समन्वयकारी भूमिका निर्वाह गरेको समेत उहाँले जानकारी गराउनुभयो ।

कार्यक्रम समापनको अवसरमा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूले मन्त्रालयबाट सम्पादित कामको प्रगति सन्तोषजनक रहेको र यस आ.व.मा थप प्रगति प्राप्तिको लागि समन्वय र सहकार्य गरी अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले संघीयता कार्यान्वयनमा रहेका केही अन्यौलता यस मन्त्रालयले सम्बोधन गरेको र गर्दै जाने बताउनुभयो । सबै राष्ट्रसेवक कर्मचारीहरूलाई अनुशासनमा रही कर्तव्य पालन गर्न र आफूले सम्पादन गर्ने कामलाई अरूको कारण गर्न नसकिएको भनी दोष पन्छाउने प्रवृतिवाट मुक्त रहनु पर्ने वताउनु भयो । उहाँले समृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार पार्न सबैले जवाफदेही भई जनस्तरबाट ठोस परिणाम देखिने गरी कार्य गर्न निर्देशन दिनुभयो ।

..........................
(सुरेश अधिकारी)
प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७५ साल भाद्र ६ गते